नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०८२।०२।१८

# नलगाड नगरपालिकाको बालविवाह न्यूनिकरण रणनीतिक योजना,२०८२

नलगाड नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

दल्ली, जाजरकोट

कर्णाली प्रदेश, नेपाल

CamScanner

# बालविवाह न्यूनिकरण रणनीतिक योजना, २०८२

स्वीकृत मिति : २०८२/०२/

## १. पृष्ठभूमि

विवाह गर्ने वा नगर्ने भन्ने विषय प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो ।मानव अधिकारको दृष्टिकोणवाट आफूले रोजेको व्यक्तिसँग विवाह गर्न पाउने र आफनो भविष्यको मार्गचित्र तय गर्ने प्रत्येक नागरिकको हक अधिकार सुनिश्चित हुनपर्दछ ।यसका लागि प्राय सबै मुलुकहरूले विवाहको लागि न्यूनतम उमेर तोकेका हुन्छन् ।नेपालको संबैधानिक इतिहासमा हालै मात्र जारी भएको नेपालको संविधानले बालविवाहलाई पहिलो पटक बालअधिकार हनन्को विषयको रुपमा उल्लेख गरी दण्डनीय अपराधको रुपमा स्वीकार गरेको छ ।

बालविवाह उच्च रहेका मुलुकहरू मध्ये नेपाल अग्र पंक्तिमा रहेकोछ ।दक्षिण एशियामा नेपाल बंगलादेश र भारत पछि तेश्रो स्थानमा पर्दछ ।बालकको तुलनामा संख्यात्मक रुपमा बढी बालिकाको विवाह १८ वर्ष नपुग्दै हुने गरेको अध्ययनबाट देखिएको छ ।यसो हुनुमा महिलाभन्दा पुरुषको उमेर सामान्यतया बढी हुनुपर्ने सामाजिक एवं सांस्कृतिक मान्यता, लैङ्गिक विभेद, गरिबी, अशिक्षा, असुरक्षा जस्ता कारणहरू प्रमुख रुपमा देखिएका छन् ।बालविवाहले बालबालिकाहरूलाई आधारभूत अधिकारबाट बञ्चित मात्र गराउँदैन उनीहरू आफ्नो भविष्यको छनोट गर्ने अधिकार तथा सो सम्बन्धमा निर्णय लिने प्रक्रियामा सहभागी हुने अवसरबाट पनि बञ्चित हुन्छन् ।विशेष गरी बालिका र महिलाको सर्न्दभमा बालविवाहले एउटा मात्रै अधिकारको उल्लङ्घन नगरी उनीहरूको जीवनचक्रमा थुप्रै अधिकार उल्लङ्घनको श्रृंखला सृजना गरी थप हिंसाको कुचक्रमा पर्ने अवस्था रहन्छ ।बालविवाहको कारण बैवाहिक जीवन दिगो नहुने, परिपक्व नभई सन्तान जन्माउँदा स्वास्थ्य सम्बन्धी विभिन्न समस्याहरू देखिने, लैंगिक हिंसा, यौनजन्य हिंसा, बालश्रम, वेचविखन जस्ता थप हिंसाहरूले बालिका र महिलाहरू थप प्रताडित हुन पुग्दछन् ।कालान्तरमा समाज विकास प्रक्रियामा महिलाहरूको भूमिका र सहभागितालाई न्यून बनाई सभ्य, सुसंस्कृत एवं समतामूलक समाज निर्माण गर्न बालविवाह बाधक बन्न पुग्दछ । यस नलगाड नगरपालिकामा पनि बालविवाह एउटा मुख्य समस्याको रुपमा रहेको हुँदा बालविवाह न्यूनीकरण गर्दै यस नगरपालिकालाई बालविवाह मुक्त नगरपालिका बनाउनको लागि यो रणनीतिक योजना तयार गरी लागू गरिएको छ ।

## २. कानूनी व्यवस्था

### क. अन्तर्राष्ट्रिय व्यवस्था

विश्वव्यापी स्तरमा बालविवाहलाई सहस्राब्दी विकास लक्ष्य (MDGs)को प्राप्तिका लागि एक बाधकको रुपमा पहिचान गरी दिगो विकासका लक्ष्यहरूको कार्यसूची (SDGs)(२०१६– २०३०) मा बालविवाह अन्त्य गर्ने विषयलाई प्राथमिकताका साथ समावेश गरिएको छ ।सन् २०१३ को सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिबाट बालविवाह तथा जवरजस्ती हुने विवाह रोकथाम तथा उन्मूलनको सवलीकरण : चुनौती, उपलब्धी, उदाहरणीय अभ्यास र कार्यान्वयनमा रहेका समस्याहरू विषयक प्रस्ताव र यसपछि सोही बर्षको डिसेम्बरमा संयुक्त राष्ट्रसंघको ६८औं साधारण सभाबाट बालविवाह तथा जवरजस्ती हुने विवाह विषयक प्रस्ताव पारित गरिएपछि बालविवाह विरुद्धका कार्यक्रमहरू विश्वव्यापी रुपमा उच्च प्राथमिकतामा परेका छन् । नेपालले बालअधिकार सम्बन्धी महासन्धि, १९८९, महिलामाथि हुने सबै प्रकारका विभेदहरूको अन्त्य गर्ने महासन्धि १९७९, नागरिक तथा राजनैतिक अधिकारका लागि अन्तर्राष्ट्रिय आलेख, १९६६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय आलेख, १९६६, यातना विरुद्धको महासन्धि, १९८४ जनसंख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले पारित गरेको कार्ययोजना, १९९४ (Program of Action adopted at the International Conference on Population and Development, 1994); चौथो विश्व महिला सम्मेलनबाट पारित बेइजिङ्ग घोषणा र सम्बद्ध कार्ययोजना (Beijing Decleration and Platform for Action)र सार्क लगायत अर्न्तराष्ट्रिय तथा क्षेत्रीय स्तरमा बालअधिकारलाई प्रवर्द्धन गर्ने विभिन्न अन्तर्राष्ट्रिय

शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

महासन्धि तथा ईच्छाधिन आलेखहरू मार्फत नागरिकहरूको आधारभूत अधिकारहरू बिषेशतः बालअधिकार संरक्षणमा प्रतिबद्धता जाहेर गरेको छ ।

सन् २०१३ मा बालविवाह, कम उमेरमा हुने विवाह तथा जबरजस्ती गरिने विवाह सम्बन्धी संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिको संकल्प प्रस्ताव (Human Rights Council Resolution on Child, Early and Forced Marriage)लाई नेपाल सरकारले सहप्रायोजन गरी बालविवाह विरुद्ध प्रतिबद्धता जाहेर गरेको थियो ।त्यसै गरी सन् २०१४ को जुलाई २२ मा बेलायतमा भएको बालविवाह, कम उमेरमा हुने विवाह र जबरजस्ती गरिने विवाह तथा महिलाको योनिच्छेदन विरुद्धको उच्चस्तरीय शिखर सम्मेलनमा नेपाल सरकारले सन् २०२० सम्ममा नेपालबाट बालविवाहको अन्त्य गर्न प्रयास गर्ने प्रतिबद्धता जाहेर गरेको छ ।

बालविवाह विरुद्धको प्रयास सार्कसँग आबद्ध रहेको "बालबालिका उपर हुने हिंसा विरुद्धको दक्षिण एशियाली पहल" (SAIEVAC)को एक रणनीतिक कार्यक्षेत्र पनि हो ।यसले सार्क मुलुकहरूमा "बालविवाह अन्त्यका लागि क्षेत्रीय कार्य योजना (२०१५–२०१८)" (Regional Action Plan to End Child Marriage in South Asia) (2015-2018)तयार गरी राष्ट्रिय संयन्त्र (National Mechanism) मार्फत बालविवाह विरुद्धमा आफना प्रयासहरू केन्द्रित गरेको थियो ।यसका साथै उक्त रणनीतिलाई परिपालना गर्दै नेपाल सरकारको नेतृत्वमा नोभेम्बर ७, २०१४ मा "बालविवाह अन्त्य गर्न कानूनको प्रयोग गरी जवाफदेहिता बृद्धि" विषयक सार्कस्तरीय गोष्ठी आयोजना गरी "दक्षिण एशियाबाट बालविवाह अन्त्य गर्नको लागि काठमाडौं आव्हान" (Kathmandu Call for Action to End Child Marriage in South Asia) पनि पारित गरिएको छ ।

**ख. राष्ट्रिय व्यवस्था**

राष्ट्रिय स्तरमा नेपालको संविधानको धारा ३९ को उपधारा (५) ले कुनैपनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाईने गरी बालबालिकाको हकको रुपमा स्थापित गरेको छ ।यी कार्यहरूलाई संघीय कानून बमोजिम दण्डनीय हुने गरी प्रतिबन्ध लगाएको छ र त्यस्तो कार्यवाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हकको सुनिश्चितता गरिएको छ ।नेपालको संविधानको धारा ३८ को उपधारा (३) ले महिला विरुद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गर्न नपाईने कुरा उल्लेख गरी त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितले कानून बमोजिम क्षतिपूर्ति पाउने हकको समेत संवैधानिक व्यवस्था गरेको छ ।

मुलुकी ऐन, २०२० जारी हुँदाँका बखत १४ वर्ष नपुगेकी बालिका र १८ वर्ष नपुगेको बालक बिच विवाह गर्न नपाउने व्यवस्था गरिएकोमा पछि स्वास्नी मानिसको उमेर १६ बर्ष कायम गरियो ।तत्पश्चात मुलुकी ऐनको एघारौं संसोधनबाट महिला र पुरुष दुवैको उमेर संरक्षकको मञ्जुरीले १८ वर्ष र संरक्षकको मञ्जुरी नभए २० वर्ष तोकियो ।पछिल्लो पटक केही नेपाल कानूनलाई संशोधन तथा खारेज गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७२ ले मुलुकी ऐन, २०२० मा भएको संशोधन गरी विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकेको छ ।उक्त कानूनी व्यवस्थाको उल्लङ्घन गरेमा बालबालिकाको उमेर अनुसार बढीमा तीन बर्षसम्म कैद र तीस हजार रुपैयासम्म जरीवाना गर्न सक्ने व्यवस्था समेत गरिएको छ ।

बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ ले बालविवाहलाई बालवालिकाको हक अधिकार प्रचलनका लागि वाधकको रुपमा पहिचान गरेको छ ।नीतिको रणनीति नं ८.९ मा बालविवाह रोक्न सरकारी र विकासका साझेदार संस्थाहरूको सहकार्यमा समुदायस्तरका संघसंस्थाहरूलाई परिचालन गर्ने, बालविवाह विरुद्धको उजुरी सक्रियताका साथ लिने र कारवाही गर्ने व्यवस्थाका साथै बालविवाह रोक्ने कार्यका लागि स्थानीय तहलाई थप जिम्मेवारी दिइने कुरा उल्लेख गरिएको छ ।यसैगरी रणनीति नं ९.३ मा स्थानीय स्तरसम्म बालबालिकाको बेचविखन, ओसारपसार र बालविवाह विरुद्ध चेतना जागरण कार्यक्रम सञ्चालन र गाउँस्तरमा बालसंरक्षणको विषयमा चेतना अभिवृद्धि गर्न सञ्चार लगायत अन्य उपयुक्त माध्यमको परिचालन गरिने कुरा उल्लेख छ ।तेह्रौं योजना (२०७०–२०७१/२०७२–२०७३) मा बालविवाहको रोकथाम लगायत विभिन्न प्रकारका सामाजिक दुर्व्यवहार अन्त्य गर्ने लक्ष्य लिईएको छ ।त्यसैगरी किशोरकिशोरीका लागि समग्र राष्ट्रिय कार्ययोजना

शेर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

२०७०/०७१-२०७४/०७५) ले खासगरी सिमान्तकृत समूहका किशोरकिशोरीहरूलाई असर पार्ने हानिकारक सामाजिक परम्परा विभेद न्यूनीकरण सम्बन्धी नीतिगत व्यवस्था गर्ने र निर्देशिका तयार वा सुधार गरी प्रयोगमा ल्याउने र बालविवाहमा परेका किशोरकिशोरी मूलतः किशोरीहरूलाई औपचारिक शिक्षाको मूलधारमा ल्याउन खुल्ला र वैकल्पिक शिक्षा प्रदान गर्ने कुरा उल्लेख गरिएको छ ।त्यसैगरी नेपालले बालविवाह अन्त्यका लागि सन् २०३० सम्ममा बालविवाह अन्त्य गर्ने लक्ष्यका साथ राष्ट्रिय रणनीति २०७२ पनि जारी गरिसकेको छ ।

## ३. रणनीति तर्जुमा प्रक्रिया

नेपाल सरकारको बालविवाह अन्त्यका लागि निर्माण गरेको राष्ट्रिय रणनीति अनुसार यस नलगाड नगरपालिकाले बालविवाह न्युनीकरण गर्नका लागि सरकारी तथा गैरसरकारी सरोकारवाला निकायहरूको सहभागितामा सुझावहरू सङ्कलन गरी बालबालिकाहरूको क्षेत्रमा क्रियाशिल गैरसरकारी निकायहरुको प्राविधिक सहयोगमा यो रणनीति तयार भएको हो ।जसमा बालविवाह बढ्नुका निम्न कारणहरू रहेको कुरा अङ्गिकार गरिएको छ ।

- उमेर नपुग्दै हुने विवाहबाट हुनसक्ने हानी र थप समस्याको बारेमा जानकारीको कमी ।
- छोरीलाई दायित्व र भारको रुपमा लिने पितृसत्तात्मक सोँच ।
- किशोरकिशोरीमा अपरिपक्वता र जीवनोपयोगी सिपको अभाव ।
- किशोरकिशोरीहरूको विद्यालय शिक्षामा निरन्तरताको कमी ।
- वैवाहिक कार्यमा अभिभावकको निर्णायक भूमिका ।
- सञ्चार सामाग्री र सामाजिक सञ्जालको दुरुपयोगबाट किशोरकिशोरीमा पर्न गएको नकारात्मक प्रभाव ।
- बालविवाह दण्डनीय अपराध भएको बारेमा जनचेतनाको कमी ।
- विद्यमान कानूनको कमजोर कार्यान्वयनको अवस्था ।
- विद्यालयमा गुणस्तरीय शिक्षा नहुनु ।
- साथीभाईहरूको देखा सिकी ।
- यौन तथा प्रजनन् शिक्षामा कमी ।
- बालबालिकाहरू परिवारबाट वेवास्ता गरिनु तथा हिंसामा पर्नु ।
- आर्थिक कम्जोर अवस्था वा गरिवी ।

## ४. रणनीतिक योजनाको औचित्य

- नेपालले बालविवाहलाई दण्डनीय अपराधको रुपमा स्वीकार गरेता पनि यो प्रचलनलाई अझै पनि पूर्णरुपमा हटाउन सकिएको छैन । अतः बालविवाह अन्त्यका लागि प्राथमिकताका साथ कार्यक्रम केन्द्रित गर्नु पर्ने भएकोछ ।
- नेपालले राष्ट्रिय, अर्न्तराष्ट्रिय र क्षेत्रीय रुपमा गरेका प्रतिबद्धता पुरा गर्नका लागि बालविवाहको अन्त्य गर्नुपर्ने दायित्व रहेको छ ।
- बालविवाह अन्त्य गर्ने विषय बहुपक्षीय भएको हुँदा सरकारका सम्वद्ध निकाय, विकास साझेदार, गैरसरकारी संस्था, नागरिक समाज र स्वयम् बालवालिकाको अर्थपूर्ण एवं सक्रिय सहभागिता आवश्यक पर्ने भएको हुँदा तत्-तत् निकायहरू वीचको सहकार्य र समन्वयबाट एकीकृत रुपमा प्रयास केन्द्रित गर्नुपर्ने आवश्यकता छ ।
- बालविवाहको अन्त्य गर्ने र बालविवाहको कारणवाट जोखिम र हिंसामा परेका विवाहित र अविवाहित बालबालिका र किशोरकिशोरीलाई आफ्नो पूर्ण क्षमताको प्राप्ति र उपयोगका लागि सक्षम बनाई जीवनमा सकारात्मक परिवर्तन ल्याउनका साथै नगरपालिकाको विकासमा उनीहरूको समान सहभागितालाई सुनिश्चित गर्नुपर्ने आवश्यकता रहेको छ ।

वीर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

- नगरपालिकाले बालमैत्री नगरपालिका बनाउने र बालविवाहलाई न्युनीकरण गर्ने भन्ने नगर सभाबाट नीतिगत निर्णय गरेकाले यसलाई मुर्त रुप दिन आवश्यक रहेकोछ ।

## ५. रणनीतिक योजनाका सिद्धान्तहरू(Principles of the Strategic plan)

- गैरविभेदीकरणको सिद्धान्त : बालबालिकामा हुने सबै प्रकारका बिभेदहरूको अन्त्य भएको सुनिश्चित गर्नुपर्छ,
- बालबालिकाको सर्वोत्तम हितको सिद्धान्त : बालबालिकाको विषयमा कुनैपनिं निर्णय गर्दा उनीहरूको सर्वोत्तम हित सुनिश्चित गर्नु पर्छ,
- बालबचाउ र विकासको सिद्धान्त : प्रत्येक बालबालिकालाई सवल र उपयुक्त वातावरणमा हुर्कन पाउने, सम्मानजनक र समावेशी सिकाईको वातावरण पाउने र उच्चतम स्तरको जीवनयापन गर्न पाउने अधिकार हुनु पर्दछ,
- अर्थपूर्ण सहभागिताको सिद्धान्त : बालबालिकासँग सरोकारका सबै विषयमा उमेर र परिपक्वता अनुरुप उनीहरूको कुरा सुन्ने र आफ्नो बिचार अभिव्यक्त गर्ने अवसर दिनुपर्छ। बालबालिका र खासगरी बालिकाहरूको सशक्तिकरणले विवाह लगायत सबै निर्णय प्रक्रियामा सहभागिता बृद्धि भै उनीहरूको महत्व बढाउन योगदान पुग्छ,
- राज्यको दायित्व : नेपालको संविधान, दिगो विकास लक्ष्य (२०१६–२०३०) का साथै अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार बालअधिकार उल्लङ्घनको कारक तत्वको रुपमा रहेको बालविवाहको रोकथाम तथा न्यायमा पुहँचको लागि राज्यको क्रियाशिलता बढाउनुपर्ने अवस्था रहेको छ ।

## ६. परिकल्पना

बालमैत्री एवंम समतायुक्त समाजको निर्माण गर्ने दिशामा योगदान पुऱ्याउने ।

## ७. ध्येय

बालविवाह मुक्त वातावरणमा बालबालिकाको अधिकारको सुनिश्चितता गर्ने ।

## ८.लक्ष्य

सन् २०२७ सम्ममा नलगाड नगरपालिकालाई नै बालविवाह मुक्त नगरपालिका घोषणा गर्ने ।

## ९. उद्देश्यहरू

- बालविवाह अन्त्यका लागि विद्यमान कानूनको प्रभावकारी कार्यान्वयन गर्ने र आवश्यकतानुसार बालविवाह न्युनीकरणका लागि स्थानीय नीति तथा कार्यनीतिहरू निर्माण गरी लागु गर्ने ।
- आवधिक र वार्षिक योजना तथा कार्यक्रमहरूमा बालविवाह विरुद्धका कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
- बालविवाह विरुद्धमा बालक, किशोर, पुरुषहरू र धार्मिक अगुवाहरूको सहभागिता सुनिश्चत गर्ने
- बालविवाहलाई प्रोत्साहन गर्ने प्रचलित सामाजिक, साँस्कृतिक र परम्परागत मान्यतामा आधारित सोँच तथा व्यवहार परिर्वतनका लागि बालबालिका, किशोरकिशोरी, अभिभावक, शिक्षक, धार्मिक, राजनैतिक तथा सामुदायिक अगुवा, संघसङ्गठन लगायत अन्य सम्बद्ध सरोकारवालाहरूको क्षमता विकास गरी परिचालनगर्ने ।
- बालबालिका विशेषत : बालविवाहको जोखिममा रहेका र विवाहित बालिकाहरूलाई नगरपालिकाबाट प्रदान गरिने सेवा, सुविधा तथा अवसरहरूको उपभोगका लागि सामना गर्नुपर्ने कठिनाई तथा चुनौतीहरू सम्वोधन गरी सबैको पहुँच सुनिश्चित गर्ने ।
- बालविवाह अन्त्यका लागि सञ्चालित कार्यक्रमहरूको प्रभावकारी रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने ।

शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

- नगरपालिका तथा विकासका साझेदार संस्थाहरूको सहकार्यमा बालविवाह अन्त्यका लागि स्रोतको पहिचान, विनियोजन र प्रभावकारी परिचालन गर्न संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
- विद्यमान कानूनको प्रभावकारी कार्यान्वयनका लागि सम्बद्ध निकायको क्षमता अभिवृद्धि गर्ने ।
- बालविवाह, हिंसा शोषण, दुर्व्यवहार जस्ता कार्यको प्रभावकारी उजुरीको लागि बालबालिकाको क्षमता अभिवृद्धि गर्ने ।
- बालविवाह, हिंसा शोषण, दुर्व्यवहार जस्ता कार्यको प्रभावकारी सुनुवाईका लागि नगरपालिकामा गुनासो सुनुवाई संयन्त्र स्थापना गरी कार्यान्वयन गर्ने ।
- सिफरिस संयन्त्रहरूको क्षमता अभिवृद्धि गरी क्रियाशिल बनाउने ।

**१०. रणनीतिक कार्यदिशा**

*क) बालिका र किशोरीको सशक्तिकरण*

- अतिरिक्त क्रियाकलाप, बालक्लब तथा सामाजिक गतिविधिका माध्यमबाट विवाहको कानूनी उमेर, बालविवाहको नकारात्मक असरहरूबारे आमाबाबु र परिवारका अन्य सदस्यहरूसँग छलफल गरी स्वःनिर्णय गर्ने क्षमता र सीपको विकास गर्ने ।
- दौंतरी शिक्षा, अतिरिक्त क्रियाकलाप र बालक्लब तथा सञ्चार माध्यम मार्फत यौन तथा प्रजनन स्वास्थ्य लगायत लैङ्गिक समानता र अधिकारबारे सचेत गराई स्वास्थ्य, शिक्षा, आर्थिक र कानूनी सहयोगमा पहुँच बढाउने ।
- विद्यालय बाहिर रहेका विवाहित र अविवाहित बालबालिकाहरूका लागि विद्यालयमा पुर्नस्थापना गराई सामाजिक तथा आर्थिक अवसरहरूको सृजना गरी उनीहरूको पहुँच सुनिश्चित गर्ने ।
- सरकारी, गैरसरकारी तथा निजी क्षेत्र बीच समन्वय गरी विवाहित र अविवाहित बालबालिकाहरू विशेष गरी विद्यालय बाहिर रहेका बालिका र उनीहरूको परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक स्रोत र अवसरहरूको पहिचान गरी उनीहरूको पहुँच सुनिश्चित गर्ने ।
- बालविवाह विरुद्ध सामुहिक पहलका लागि बालिकालाई समूह निर्माण गर्न वा विद्यमान समूहमा आवद्ध भई अभियान सञ्चालन गर्न सक्षम बनाउने ।
- किशोरावस्थामा हुने शारिरीक तथा मानसिक परिवर्तनको व्यवस्थापनका लागि जीवन उपयोगी सिप प्रदान गर्ने ।

*ख) बालिका र किशोरीहरूको लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने*

- विद्यालयहरूमा जीवन उपयोगी सीपका साथै बालमैत्री र गुणस्तरीय शिक्षा सुनिश्चित गराउने ।
- विद्यालय बाहिरका, विवाहित र अविवाहित तथा अवसरविहिन बालिकाहरू र उनीहरूका परिवारलाई बिभिन्न सुविधाहरू (माध्यमिक तहको छात्रवृत्ति, निःशुल्क पुस्तक, पोशाक तथा अन्य सुविधा) प्रदान गर्दै उनीहरूलाई विद्यालय जान र विद्यालय शिक्षालाई निरन्तरता दिन प्रोत्साहन गर्ने ।
- विद्यालय, बालक्लब, खेलकुद र विद्यालयको अतिरिक्त क्रियाकलापमा बालिकाहरूको समान सहभागिताको सुनिश्चतता गर्ने ।
- भविष्यमा जीवनवृत्तिका लागि आवश्यक पेशा र उद्यमशीलतासँग सम्बधित सूचना तथा जानकारीमा बालिकाहरूको पहुँच सुनिश्चित गर्ने ।
- विद्यालयहरूमा बालिकामैत्री वातावरण र त्यसको प्रभावकारी व्यवस्थापन तथा जवाफदेहिता सुनिश्चित गर्न शिक्षक, कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरूलाई तालिम प्रदान गर्ने ।
- विद्यालयमा शिक्षिकाहरूको संख्या बढाउने, सम्पर्क शिक्षकको व्यवस्था गर्ने तथा विद्यालयको व्यवस्थापन र व्यवस्थापन समितिमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

- बालिकाहरूलाई विद्यालय छोड्न बाध्य पार्ने ।प्रम्परागत हानिकारक अभ्यासहरूको विरुद्ध जनचेतनामूलक अभियान सञ्चालन गर्ने ।
- छात्रा र महिला शिक्षक दुवैका लागि विद्यालयको वातावरण एवं पूर्वाधार सुरक्षित, सफा र लैङ्गिकमैत्री भएको सुनिश्चित गर्ने ।
- बालविवाह र लैङ्गिक हिंसाको जोखिममा रहेका बालिकाहरूलाई विद्यालयमा मनोविमर्श सेवाको सुनिश्चितता गर्ने ।
- विवाहित बालिकाहरूको विद्यालय शिक्षाको निरन्तरताको लागि आवश्यकतानुसार वैकल्पिक अध्ययनको अवसर प्रदान गरी उनीहरूलाई औपचारिक शिक्षामा सम्मिलित गराउने ।
- विद्यालय शिक्षामा लैङ्गिक संवेदनशील, पक्षपातरहित, वृहत यौनिकता शिक्षा (Comprehensive Sexuality Education) र बालअधिकारका विषयहरू समावेश भएको सुनिश्चित गर्ने ।
- विद्यालयलाई लैङ्गिकमैत्री बनाउन विद्यालय शिक्षासँग सम्वन्धित निकाय र व्यक्तिको क्षमता अभिवृद्धि गरी परिचालन गर्ने ।
- बालबालिकालाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी सूचना तथा सेवावारे सुसूचित गर्न स्थानीय स्वास्थ्य संस्थासँग समन्वय र सहकार्य गर्ने ।
- विद्यालयमा गुनासो पेटिकाको व्यवस्था गरी बालबालिकाहरूको गुनासो सुनुवाई गर्ने प्रणालीको विकास गर्ने ।

*ग) बालक, किशोर तथा पुरुषहरूको सहभागिता*

- बालअधिकार, यौन तथा प्रजनन स्वास्थ्य अधिकारका साथै बालविवाह र यसले पार्ने शारीरिक, मनोवैज्ञानिक असरका विषयमा सचेतना अभिवृद्धि गरी बालविवाह, लैङ्गिक विभेद र पितृसत्तात्मक सोच अन्त्य गर्ने कार्यमा पुरुष तथा बालकको सहभागिता सुनिश्चितता गर्ने ।
- सञ्चार माध्यमहरूसँको सहकार्य मार्फत बालविवाह विरुद्धमा विद्यमान कानूनी पक्ष र बालविवाहबाट पर्ने सामाजिक, आर्थिक तथा स्वास्थ्य सम्बन्धी नकारात्मक असरहरूको बारेमा जनचेतना अभिवृद्धि गर्ने ।
- बालबालिकाहरूलाई शिक्षा, आर्थिक आयआर्जन तथा रोजगारीतर्फ उन्मुख गराई आत्मनिर्भर भएपछि मात्र स्वनिर्णयको आधारमा विवाह गर्न अभिप्रेरित गर्ने ।
- बालविवाह गर्ने, गराउने, प्रोत्साहन गर्ने, बालविवाहमा सहभागी हुने, महिनावारीको समयमा गरिने दुर्व्यवहार, प्रचलित हानिकारक प्रथालाई सामाजिक मर्यादा विपरीतको कार्यको रुपमा निरुत्साहन गर्न सामुदायिक जवाफदेहिताको सुनिश्चितता गर्ने ।
- बालविवाह, लैङ्गिक विभेद र पितृसत्तात्मक सोचहरूमा परिवर्तन ल्याउनका लागि यस विरुद्धमा सामाजिक सचेतना अभिवृद्धि गर्न धार्मिक संस्था, धर्मगुरुहरू, ज्योतिष, धामिझाँक्री लगायत सामाजिक अगुवाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्ने ।
- बालविवाहवाट सृजित लैङ्गिक हिंसा र दाइजो प्रथाको विरुद्धमा पुरुष तथा बालकहरूमा कानूनी सचेतना अभिवृद्धि गर्ने ।
- बाल अभियन्ताहरूको परिचालन गर्ने ।

*घ) परिवार र समुदायको परिचालन गर्ने*

- समुदायमा रहेका विभिन्न अभिभावक समूह, आमा समूह, उपभोक्ता समूह, किशोरी समूह, महिला समूह लगायत सामाजिक अगुवाहरूको सहभागितामा बालविवाह विरुद्धको अभियान सञ्चालन गर्ने ।
- सकारात्मक अभिभावकत्व सम्बन्धी ज्ञानसीपको विकास गरी परिवार तथा समुदायमा अन्तरपुस्ता संवादको माध्यमवाट बालविवाह निषेध गर्न प्रोत्साहन गर्ने ।

शेर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

- सामाजिक सञ्जालहरूमा धार्मिक व्यक्तित्वहरू, ज्योतिष, पुरोहित, धामी झाक्रीको सहभागिता सुनिश्चित गरी बालविवाहका विरुद्धमा परिचालन गर्ने ।
- छोरा र छोरी बीचको विभेद लगायत समाजमा रहेका हानिकारक सामाजिक मान्यताहरूलाई निरुत्साहन गरी बालविवाह विरुद्धको विषय स्थानीय विकास तथा सामाजिक मूल्यको रुपमा स्वीकार गरी "बालविवाह मुक्त स्थानीय तह" को अभियान सञ्चालन गर्ने ।
- गुणस्तरीय शिक्षा र रोजगारीका अवसरहरूमा पहुँच वृद्धि गरी बालबालिकाको सशक्तिकरण गर्नुका साथै दाइजो प्रथा, लैङ्गिक हिंसा तथा भेदभाव विरूद्धको सामाजिक प्रर्वद्धन र क्षमतामा अभिवृद्धि गर्ने ।
- बालविवाह नगर्ने, नगराउने अनुकरणीय व्यक्ति, परिवार, र समुदायलाई सामाजिक रूपमा सम्मान गर्न प्रोत्साहन गर्ने ।
- बालविवाह विरूद्ध समाजमा भएका असल अभ्यासहरूलाई विभिन्न सञ्चार माध्यम र सञ्जाल मार्फत प्रसारण गरी बालविवाह अन्त्यको अभियानलाई सशक्त बनाउने ।
- नमुना जोडीको छनौट तथा परिचालन गर्ने ।

*ङ) सेवा प्रवाह*

- बालविवाहको जोखिममा रहेका विशेषगरी सीमान्तकृत तथा बिपन्न समुदायका बालिका र विवाहित बालिका तथा महिलाका लागि सुरक्षित र गुणस्तरीय औपचारिक र अनौपचारिक शिक्षा तथा आय आर्जनका अवसरहरू सुनिश्चित गर्ने ।
- किशोरकिशोरीमैत्री यौन तथा प्रजनन् स्वास्थ्य सम्वन्धी जानकारी तथा सेवा, गर्भनिरोधक साधन, गर्भवती, प्रशव तथा सुत्केरी सेवा, सुरक्षित गर्भपतन, यौनजन्य रोग, एचआईभी लगायत विभिन्न रोगको रोकथाम तथा उपचार सम्बन्धी सेवामा विवाहित तथा बालविवाहको जोखिममा रहेका अविवाहित बालबालिकाको पहुँच सुनिश्चित गर्ने ।
- बालविवाह, लैङ्गिक हिंसाको जोखिममा रहेका र विवाह भएका बालिकाहरूमाथि आउन सक्ने जोखिमको पहिचान गरी शिक्षा, स्वास्थ्य र कानूनी सेवाको प्रभावकारी कार्यान्वयन गर्ने ।
- सेवा प्रदायकहरूको जवाफदेहिता र क्षमता अभिवृद्धि गरी आवश्यकता अनुसार तत्कालै र गुणस्तरीय सेवाप्रवाहका लागि समन्वय र प्रेषण संयन्त्र (Referral Mechanism) को विकास गर्ने ।
- पारिवारिक र सामाजिक सहयोग सुनिश्चित गर्दै सम्मानजनक जीवनयापन गर्ने वातावरण तयार गर्न बालिकालाई जीवनोपयोगी सीप, आयआर्जन सम्बन्धी ज्ञानसीप, निःशुल्क मनोसामाजिक परामर्श र कानूनी परामर्श सेवाको सुनिश्चितता गर्ने ।
- बालविवाह तथा लैङ्गिक हिंसाको जोखिममा रहेका बालिकाको पहिचान र अवस्थाको अनुगमन गरी उपयुक्त सेवाका लागि सिफारिस गर्ने सम्पर्क विन्दुका रुपमा रहेका लैङ्गिक हिंसा निगरानी समूह, वडा कार्यालय, बालक्लब, युवा सञ्जाल जस्ता बालअधिकार संरक्षणका लागि क्रियाशिल संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने ।
- स्थानीयस्तरमा कार्यरत सरकारी तथा गैरसरकारी निकायहरूका कार्यक्रमहरूमा बालविवाह विरुद्धका कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश गर्ने व्यवस्थाको सुनिश्चितता गर्ने ।
- स्थानीय निकायमा बालविवाह सम्वन्धी जानकारी अध्यावधिक राख्न व्यवस्थित सूचना प्रणालीको स्थापना र सुदृढीकरण गर्ने ।
- पञ्जीकरणको महत्वकावारेमा परिवार र समुदायमा सचेतना अभिवृद्धि र सेवा सुनिश्चतताका लागि सामुदायिक संघसंस्था तथा समूहहरूको क्षमता अभिवृद्धि गरी परिचालन गर्ने ।
- विवाह भैसकेका बालिका तथा बालविधुवाका आवश्यकतालाई सम्बोधन गर्ने गरी विशेष कार्यक्रमहरू लागु गर्ने र प्रभावकारी कार्यक्रमहरूका तथ्यगत प्रमाणहरू सङ्कलन गरी सफल अभ्यासहरूको प्रवर्द्धन तथा विस्तार गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

- वैवाहिक सम्बन्धलाई निरन्तरता दिन नचाहने बालिकाहरूको सम्मानजनक जीवनयापनको लागि पारिवारिक तथा सामाजिक वातावरणको सृजना गर्ने र आवश्यकता अनुसार कानूनी सेवा, मनोसामाजिक परामर्श, व्यावसायिक तालिम, आर्थिक सशक्तिकरणका अवसरहरू लगायत आवश्यक सहयोग र संरक्षणको सुनिश्चितता गर्ने ।
- प्रत्येकस्वास्थ्य संस्थामा किशोरकिशोरी मैत्री स्वास्थ्य परामर्श केन्द्रको स्थापना गर्ने ।
- स्थानीय पाठ्यक्रममा यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी शिक्षालाई जोड दिने ।
- विद्यालयमा सञ्चालन हुने प्रत्येक अतिरिक्त क्रियाकलापहरूमा बालविवाह र यसबाट पर्ने नकारात्मक असरहरूका बारेमा सचेतना अभिवृद्धि गर्ने खालका कार्यक्रमहरूमा जोड दिने ।
- प्रत्येकआधारभूत र माध्यामिक विद्यालयहरूमा बालविवाह र यसका कानूनी प्रावधानहरूका बारेमा सचेतना अभिवृद्धि गर्न अर्न्तक्रिया कार्यक्रमहरू सञ्चालन गर्ने ।

*च) कानून र नीतिको सुदृढीकरण र कार्यान्वयन*

- बिभिन्न सरकारी तथा गैरसरकारी निकायहरूको अनुगमन गरी प्राप्त गरेका सुझाव तथा पृष्ठपोषणको आधारमा नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- बालिका र महिलाको सशक्तिकरणको लागि महिला विरुद्धका स्थानीय स्तरमा नीति तथा कार्यविधि तयार गर्ने ।
- नगरपालिकामा गठित न्यायिक समितिका पदाधिकारीहरूलाई बालविवाह विरुद्धका उजुरीहरूलाई प्राथमिकतामा राख्न प्रोत्साहन गर्ने ।
- विवाहको कानूनी उमेर, सोको उल्लङ्घन गरेमा हुने सजाय तथा बालविवाह विरुद्ध उपलब्ध हुने कानूनी संरक्षणको व्यवस्था सम्बन्धी जनचेतना जगाउन प्रचारप्रसार गर्ने साथै बालविवाह कानूनी अपराध भएकोले कानूनको प्रभावकारी कार्यान्वयनमा जोड दिने ।
- कानूनी उपचार लिन चाहने बालबालिकाहरूले सामना गर्नु परिरहेको कानूनी तथा सामाजिक कठिनाईहरू पहिचान गरी सो निर्मूलन गर्न आवश्यक पहल गर्ने ।
- बालविवाह भएको अवस्थामा विवाह बदर गर्न चाहनेहरूको लागि आवश्यक कानूनी हक र उपचारमा पहुँचका साथै क्षतिपूर्तिको सुनिश्चित गर्ने ।

*छ) समन्वय र सहकार्य*

- स्थानीय तहमा रहेका सबै कार्यालय, संघसंस्था तथा व्यक्तिहरूसँग समन्वय तथा सहकार्य गर्ने,
- स्थानीय तहसँग सम्बद्ध सबै निकाय तथा सरोकारवालाहरूका लागि बालविवाह बिरुद्धको आचारसंहिता बनाई प्रभावकारी कार्यान्वयनमा जोड दिने,
- बालबालिका माथि हुने हिंसालाई न्यूनीकरण गरी बालबालिकालाई दण्ड रहित उचित पारिवारिक बातावरण कायम गराउन सकारात्मक अभिभावकत्व सम्बन्धी ज्ञान तथा सिपको विकास गराउन हिंसा रहित अभिभावकत्व कक्षाहरू सञ्चालन गर्ने,
- स्थानीय पुरोहित, ज्योतिषी तथा धामिझाँक्रीहरूको परिचालन गरी बालविवाह बिरुद्धमा चेतना फैलाउने,
- आवश्यकता अनुसार जिल्ला, प्रदेश तथा संघीयस्तरका बिषयगत संरकारी र गैरसरकारी संघसंस्थाहरूसँग सम्पर्क र समन्वय गरी आवश्यकता अनुसारका कार्यबिधिहरू तयार गरी लागु गर्ने ।

**११. स्रोत परिचालन योजना**

यो रणनीतिक योजना कार्यान्वयनका लागि नगरपालिकाले श्रोत व्यवस्थापन र परिचालनको नेतृत्व गर्नेछ। नगरपालिकाको आफ्नै श्रोत साधन तथा विभिन्न सरोकारवालाहरू र संघसंस्थाको समन्वय र सहकार्यतामा नगरपालिकाले श्रोत व्यवस्थापन र परिचालन गरिनेछ। नगरपालिकाले स्थानीय रणनीतिक योजनाको उद्देश्य प्राप्तिका लागि श्रोत व्यवस्थापन र परिचालन गरिनेछ।

विभिन्न सरोकारवालाहरू तथा अन्य संस्थाहरूलाई रणनीतिक योजना कार्यान्वयनका लागि श्रोतमा सहकार्यताका लागि आव्हान तथा साझेदारी पनि गर्न सक्ने छ ।

आर्थिक श्रोत-नगरपालिकाले उठाउने आन्तरिक राजश्व तथा वाह्य दातृ निकायसँग समन्वय, पालिकास्तरीय बाल कोष स्थापना, यस आर्थिक बर्षमा छुट्टयाईएको बजेट अपुग रहेकोले आगामी आर्थिक बर्ष देखि नगरसभाबाट बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गर्नेछ। यसको लागि प्रत्येक आर्थिक वर्षमा ५ लाख बजेट छुट्याउने र बालविवाह अन्त्यका लागि सरोकारवालाको समन्वयमा अभियानहरू सञ्चालन गर्नेछ ।

## १२. कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन

बालविवाहको अन्त्य गर्ने यो रणनीतिक योजना कार्यान्वयनमा नगरपालिकाले नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ र रणनीतिक योजनाको कार्यान्वयनको लागि नगरपालिका स्तरमा कार्ययोजना तयार गरिनेछ। रणनीतिक योजना तथा कार्ययोजनाको कार्यान्वयन, सरोकारवाला सरकारी, स्थानीयस्तरका विकासका साझेदार, गैरसरकारी संस्था, नागरिक समाजसँगको समन्वय एवं अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी स्थानीय बालअधिकार समितिको रहनेछ ।

## १३. सरोकारवालाहरूको भूमिका

| क्र.सं. | निकाय | भूमिका |
|---|---|---|
| १ | स्वास्थ्य चौकी | • स्वास्थ्य क्षेत्रका कार्यक्रमहरूमा आवश्यकतानुसार बालविवाह र स-सानो उमेरमा हुने गर्भधारणलाई निरुत्साहन गर्ने कार्यक्रमहरू समावेश गर्ने ।<br>• बालविवाहको विरुद्धको विषय किशोरकिशोरीमैत्री स्वास्थ सेवा कार्यक्रमसँग एकीकृत गर्ने ।<br>• प्रत्येक आधारभूत र माध्यामिक विद्यालयमा गएर सानै उमेरमा हुने विवाहले जनश्स्वास्थ्यमा हुने असरका बारेमा कक्षा सञ्चालन गर्ने ।<br>• प्रत्येक स्वास्थ्य संस्थामा किशोरकिशोरी मैत्री परामर्श केन्द्रको स्थापना गर्ने । |
| २ | शिक्षा शाखा तथा विद्यालयहरू | • बालविवाह विरुद्ध र बालविवाहले पुऱ्याउने हानीका विषयमा कार्यक्रमहरू विद्यालय एवं यसको जोखिममा रहेका समुदायसम्म पुऱ्याउने ।<br>• बालविवाहको जोखिममा परेका बालबालिका, विद्यालय बाहिरका बालबालिका वा पहिले नै बालविवाह भई विभिन्न जोखिममा परेका बालिकाहरूका लागि उपयुक्त शैक्षिक कार्यक्रम सञ्चालन गर्ने ।<br>• स्थानीय पाठ्यक्रममा नै समावेश गरी यौन तथा प्रजनन् स्वास्थ्यका बिषयबस्तुहरू अनिवार्य गर्ने ।<br>• विद्यालयले तयार गर्ने विद्यालय सुधार योजना र बार्षिक कार्ययोजनामा बालविवाह बिरुद्ध जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू समावेश गरी अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्ने । |
| ३ | प्रहरी कार्यालय | • बालविवाह रोकथाम वा निषेध गर्ने राष्ट्रिय कानूनको कार्यान्वयन गर्न र दाईजो लगायत अन्य हानिकारक सामाजिक प्रथाको अन्त्य गर्न सम्बन्धित निकायलाई प्रभावकारी रुपमा परिचालन गर्ने ।<br>• विद्यमान नीति र कानून अनुसार बालविवाह गर्नेगराउने व्यक्तिलाई कानून बमोजिमको कारवाही गर्नेगराउने व्यवस्था सुनिश्चित गर्ने ।<br>• विद्यालय तथा समुदाय स्तरमा प्रहरीद्धारा बालविवाह र कानूनी प्रावधानका बारेमा सचेतना अभिवृद्धि गर्न अर्न्तक्रिया कार्यक्रमहरूको आयोजना गर्ने । |
| ४ | नगरपालिका तथा वडा कार्यालयहरू | • बालविवाह विरुद्धका कार्यक्रमहरूलाई वालमैत्री स्थानीय शासन कार्यक्रम मार्फत बालविवाह विरुद्धको अभियानलाई स्थानीय बालमैत्री शासनको अभिन्न अङ्गको रुपमा विकास गर्ने ।<br>• स्थानीय विकास प्रक्रियामा किशोरकिशोरीको सार्थक सहभागिता वढाउने<br>• पन्जीकरण कार्यलाई प्रभावकारी बनाउने । |

शेर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| क.सं | निकाय | भूमिका |
|---|---|---|
| | | ✍ स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बालबालिकाको अर्थपुर्ण सहभागिता सुनिश्चित गरी बालबालिकाको क्षेत्रमा प्राथमिकताको आधारमा बजेट बिनियोजन गरी कार्यान्वयन गर्ने । |
| ५ | स्थानीय रेडियो एफ एम, पत्रपत्रिका | ✍ बालविवाहवाट बालिबालिकाको जीवनमा हुने नकारात्मक असर, विवाहको कानूनी उमेर, कानून उल्लङ्घन गर्दा हुने सजायका विषयका साथै बालविवाहलाई नैतिक मूल्य र मान्यता विरुद्धको रुपमा आम नागरिकमा सचेतना गर्न आम सञ्चार माध्यमको परिचालन गर्ने ।<br>✍ वालविवाह विरुद्धका सन्दर्भ सामग्रीहरूलाई प्रिन्ट मिडियामा निरन्तर स्थान दिने ।<br>✍ वालविवाह विरुद्धमा भएका उपलब्धी तथा सफलताहरूको खोजी गरी श्रव्य तथा दृष्य मिडियालाई स्थान दिने । |
| ६ | नागरिक समाज | ✍ बालविवाहका विरुद्धमा सामाजिक जागरण ल्याउन पैरवी र सचेतनाका कार्यक्रम सञ्चालन गर्ने ।<br>✍ वालविवाहको जोखिम रहेका क्षेत्रमा यस विरुद्धका कार्यक्रमहरू सञ्चालन गर्ने ।<br>✍ बालविवाहको अन्त्य गर्ने कार्यमा सरकार, विकासका साझेदार संस्थाहरू र निजी क्षेत्रसँग सहकार्य गर्ने । |
| ७ | स्थानीय गैर सरकारी संस्थाहरू | ✍ बालविवाहको विरुद्धमा सामाजिक जागरण ल्याउनका कार्यक्रमहरू सञ्चालन गर्ने ।<br>✍ समुदाय तथा वस्ती स्तरमा बालविवाह बढि भएका क्षेत्रको अवस्था पहिचान गरी टोल स्तरमा सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।<br>✍ स्थानीय सरकारले तयार गरेका नीति तथा योजनाहरू कार्यान्वयन गर्न सहयोग गर्ने । |

➤ बालविवाहलाई न्यूनिकरण गर्नका लागि पालना गर्नु पर्ने आंचार सहिताहरु

१ विवाह गर्दा वडा कार्यालयको सिफारिस लिएर मात्र विवाह गर्नुपर्ने छ ।

२ उमेर नपुगेर गरेको विवाहको भोज भत्तेरमा नेपाल सरकारका राष्ट्रसेवक कर्मचारी,जनप्रतिनिधि, राजनितिक दलका प्रतिनिधि, सामाजिक अगुवा, ब्रामण, जैसि, ज्योतिष, बाजा बजाउने समुह,नाचँ गान गर्ने समुह लगाएतका कुनै पनि व्यक्ति सहभागि हुन पाईने छैना ।

३ नलगाड नगरपालिका हुदै अन्य पालिका वा अन्य जिल्लाबाट आउने वा बाहिर जाने विवाहहरुका लागि विवाह गर्ने व्यक्तिको उमेर पुगेको कागजपत्र साथमा हुनु पर्ने छ । यदि उमेर खुल्ने आवश्यक कागजपत्र नभएमा सो विवाहलाई यस नगरपालिकामा प्रवेशमा रोक लगाईने छ ।

४ उमेर नपुगि विवाह गरेका बालबालिकाहरुलाई अभिभावकको आ-आफ्ना बालबालिकालाई जिम्मा लगाई अभिभाचकलाई सम्बन्धित प्रहरी कार्यालयमा प्रत्येक महिनाको एक पटक उपस्थित भई आफ्न बालबालिकाको बारेमा जानकारी दिनु पर्ने छ ।

५ वडा बालअधिकार समिति ले प्रत्येक महिनामा वडा बालअधिकार समितिको बैठक बसी वडा भरिमा भएका विवाहका विवरण संकलन गरि तथ्याङ्क व्यवस्थित गरि राख्नुपर्ने

वीर बहादुर पुन
नगर प्रमुख प्रशासकीय अधिकृत

छ । अर्धवार्षिक रुपमा स्थानिय बालअधिकार समिति तथा नगरपालिकालाई प्रगति प्रतिवेदन पठाउनु पर्ने छ ।

६. कानुनी रुपमा उमेर नपुगि विवाह गरेमा वा बालविवाह गरेमा त्यस घरका परिवारलाई वडा तथा नगरपालिकाबाट उपलब्ध हुने सबै प्रकारका सेवा सुविधाहरु उपलब्ध गराइने छैन ।

२०८१।०२।१५

शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत